# सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५

| | |
|---|---|
| श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत | मिति २०७५/०८/०६ |
| ♣ सामाजिक सुरक्षा योजना (पहिलो संशोधन) कार्यविधी स्वीकृत | मिति २०७६/०३/२९ |
| ♠ सामाजिक सुरक्षा योजना (दोश्रो) संशोधन) कार्यविधी स्वीकृत | मिति २०७७/१०/२९ |
| ♦ सामाजिक सुरक्षा योजना (तेश्रो) संशोधन) कार्यविधी स्वीकृत | मिति २०७९/०६/०५• |

**प्रस्तावना**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १० बमोजिम सामाजिक सुरक्षा योजना सञ्चालन गर्नको लागि कोषले ऐनको दफा ७० को उपदफा (२) को अधीनमा रही देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५"** रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२ **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "**योजना**" भन्नाले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ को दफा १० बमोजिमका सामाजिक सुरक्षा योजनालाई सम्झनुपर्छ ।

(ख) "**समिति**" भन्नाले सामाजिक सुरक्षा कोषको सञ्चालक समितिलाई सम्झनुपर्छ ।

(ग) "**कोष**" भन्नाले सामाजिक सुरक्षा कोषलाई सम्झनुपर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ ।

(ङ) **"दुर्घटना"** भन्नाले कुनै एक वा एक भन्दा बढी कारणबाट शारीरिक वा मानसिक चोट पटक वा आघात पुग्न गएको अवस्थालाई  सम्झनुपर्छ ।

(च) **"व्यवसायजन्य रोग"** भन्नाले योगदानकर्ताले रोजगारीको सिलसिलामा निर्वाह गर्ने जिम्मेवारीको कारणबाट हुन सक्ने रोगलाई सम्झनुपर्छ ।

सामाजिक सुरक्षा कोष

---

♣ पहिलो संशोधनद्वारा संशोधित

♠ दोस्रो संशोधनद्वारा संशोधित

♦ तेश्रो संशोधन

• तेश्रो संशोधन स्वीकृत भएको ९१ औ दिनवाट प्रारम्भ हुनेछ

(छ) **“अस्थायी पुर्ण असक्षमता”** भन्नाले कुनै दुर्घटना वा व्यवसायजन्य रोगका कारणबाट योगदानकर्ताले प्राप्त गरी आएको रोजगारी अर्न्तगतको जिम्मेवारी अस्थायी रुपमा पुरा गर्न नसक्ने वा उपचार गर्नुपर्ने भई काम गर्न नसक्ने भएको अवस्थालाई सम्झनुपर्छ ।

(ज) **“स्थायी असक्षमता”** भन्नाले कुनै दुर्घटना वा ब्यवसायजन्य रोगका कारणबाट योगदानकर्ताले प्राप्त गरी आएको रोजगारी अर्न्तगतको जिम्मेवारी स्थायी रुपमा पुरा गर्न नसक्ने गरी शरीरको कुनै अंग अशक्त भएको वा निजले प्राप्त गर्ने वैकल्पिक रोजगारीबाट हुने आय पहिलेको रोजगारीबाट हुने आय भन्दा कम भएको अवस्थालाई सम्झनुपर्छ ।

(झ) **“स्थायी पुर्ण असक्षमता”** भन्नाले कुनै दुर्घटना वा व्यवसायजन्य रोगका कारणबाट योगदानकर्ताले प्राप्त गरिआएको रोजगारी अर्न्तगतको जिम्मेवारीमा मात्र नभई अन्य रोजगारी समेत पाउन असक्षम भएको अवस्थालाई सम्झनुपर्दछ ।

(ञ) **“आश्रित परिवार”** भन्नाले योगदानकर्ताको एकासगोलमा बस्ने देहायको नाताको कुनै जीवित व्यक्ति सम्झनु पर्छ ।

क) पति वा पत्नी,

ख) छोरा, बुहारी वा छोरी,

ग) बाबु, आमा, सासु वा ससुरा,

घ) नाति वा नातिनी ।

(ट) “**रोजगारीजन्य दुर्घटना”** भन्नाले रोजगारदाताले तोकेको काम गर्दा वा कार्य समय भित्र भएको वा कामको लागि आउने वा जाने क्रममा भएको जुनसुकै प्रकारको दुर्घटनालाई सम्झनुपर्छ ।

◆(ठ) **“घातक रोग”** भन्नाले कोरोनरी आर्टरी वाइपास वा ओपन हार्ट सर्जरी, मस्तिष्कघात, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाईमर्स, स्पाईनल ईन्जुरी, हेड ईन्जुरी, सिकलसेल एनिमिया, हेमोफेलिया वा थालासेमिया रोग सम्झनु पर्छ ।”

सामाजिक सुरक्षा कोष

◆ तेश्रो संशोधनद्वारा थप

## परिच्छेद २

## औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा सम्बन्धी योजना

**३.** **<u>औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना :</u>** यस अर्न्तगत देहाय बमोजिमका योजना सञ्चालन हुनेछ :

(क) औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना

(ख) योगदानकर्ता वा योगदानकर्ताको पत्नीलाई♠ मातृत्व सुरक्षा योजना

(ग) घातक रोगको औषधि उपचार सुरक्षा योजना♦

**४** **योगदान र सुविधा अवधिः** (१) सामाजिक सुरक्षा कोषमा कम्तीमा लगातार तीन महिना योगदान गर्ने **योगदानकर्ता र योगदानकर्ताको पति वा पत्नीले दफा ३ को खण्ड (क) र (ख) मा उल्लिखित योजना**♦ बमोजिमको सुविधा पाउनेछ । यस्तो सुविधा योगदानकर्ताले योगदान गर्न छाडेको तीन महिनाको अवधिसम्म लार्गु रहनेछ ।♠

♦(१क) सामाजिक सुरक्षा कोषमा कम्तीमा लगातार दुई वर्ष योगदान गर्ने योगदानकर्ताले दफा ३ को खण्ड (ग) मा उल्लेखित योजना बमोजिमको सुविधा पाउनेछ र यस प्रकारको सुविधा योगदानकर्ताले योगदान गर्न छाडेको मितिले दुई वर्षसम्म पाउनेछ ।

तर कोषले सञ्चालन गरेको वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत निवृत्तभरण पाइरहेको योगदानकर्ताको हकमा निवृत्तभरणको सुविधा प्रारम्भ भएको मितिले सात वर्षसम्म यस्तो सुविधा प्रदान गरिनेछ ।

(२) उपदफा (१) वा (१क) बमोजिम अवधि गणना गर्दा योगदानकर्ताको योगदान रकम कोषमा जम्मा भएको महिनाको एक गतेबाट गणना गरिनेछ । तीन महिना र दुई बर्षको अवधि पूरा भएपछि कुनै योगदानकर्ताले योगदान रकम कोषमा जम्मा गर्न छाडेको अवस्थामा त्यस्तो योगदानकर्ताले पुनः लगातार तीन महिना र दुई बर्षसम्म योगदान गरेको अवस्थामा यस दफा बमोजिमको सुविधा पाउनेछ ।♦

**५.** **<u>औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अर्न्तगत पाउने सुविधाहरु :</u>** यस योजना अर्न्तगत **योगदानकर्ताको पती वा पत्नीले**♦ देहाय बमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

(क) चिकित्सकको परामर्श सेवा,

(ख) अस्पताल भर्ना तथा शल्यक्रिया वापतको शुल्क,

(ग) रोगको परीक्षण तथा उपचार वापतको खर्च,

(घ) औषधिको बिल वमोजिमको खर्च,

(ङ) पुरुष योगदानकर्ताको पत्नी वा महिला योगदानकर्ता गर्भवति भई नियमित गर्भ परीक्षण गराउँदाको खर्च, अस्पताल भर्ना भई प्रसुति सम्बन्धी शल्यक्रिया वा उपचार गराउँदाको खर्च,

---

♠ दोस्रो संशोधनद्धारा संशोधित

सामाजिक सुरक्षा कोष

अस्पतालमा सुत्केरी हुँदाको खर्च, सुत्केरी भएको छ हप्ता सम्मको सुत्केरीसँग सम्बन्धित उपचार खर्च तथा तीन महिनासम्मको शिशुको उपचार वापतको खर्च,♠

(च) अस्पतालमा भर्ना नभएको तर उपचारका लागि अस्पतालमा आवत जावत गर्न सक्ने अवस्था नभई घरैमा बसी उपचार गराएकोमा चिकित्सक वा स्वास्थ्यकर्मीले विरामीको घरमै गई प्रदान गरेको परामर्श सेवा बापतको शुल्क ।

६. **सुविधाको सीमा** : योगदानकर्तालाई देहायको अवस्थामा देहाय बमोजिम स्वास्थ्य सुविधा प्रदान गरिनेछ ।

♦(१) अस्पतालमा भर्ना भई उपचार गराउनु पर्ने योगदानकर्ता र योगदानकर्ताको पति वा पत्निको हकमा वार्षिक रुपमा प्रदान गरिने अधिकतम् एकलाख रुपैयाँमा नबढ्ने गरी भुक्तानी गरिनेछ।यसरी भुक्तानी गरिने रकममा निज योगदानकर्ताले सोही आर्थिक वर्षमा उपदफा (३) वमोजिमको सुविधा उपभोग गरिसकेको भए उक्त सुविधा वापत उपयोग गरेको रकम कट्टा गरी बाँकी हुन आउने रकममात्र भुक्तानी गरिनेछ ।

तर योगदानकर्तालाइ लागेको घातक रोगको उपचारका लागि घातक रोगको औषधि उपचार सुरक्षा योजना अन्तर्गत उपलव्ध गराइने रकमको हकमा निजको जम्मा सेवा अवधिभर एकैपटक वा पटकपटक गरी दश लाख रुपैयाँसम्म भुक्तानी गरिनेछ ।♦

(२) दफा ५ को देहाय (ङ) को अवस्थामा योगदानकर्ता वा योगदानकर्ताको पत्नी♠ तथा नवजात शिशुको उपचार खर्च समेत उल्लेखित रकमको हदमा नवढ्ने गरी दावी गर्न सकिने छ ।

♦(३) अस्पताल भर्ना भई उपचार गराउनुपर्ने अवस्था बाहेकका योगदानकर्ता र योगदानकर्ताको पति वा पत्निको हकमा चिकित्सकको प्रेस्किप्सन आधारमा दफा ५ बमोजिमको सुविधा अन्तर्गत वार्षिक रुपमा बढीमा बीस हजार रुपैयाँ प्रदान गरिनेछ ।

(३क) उपदफा (३) बमोजिमको सुविधाको रकम उपयोग गरेका योगदानकर्ताले समेत अस्पताल भर्ना भएर उपचार गराउँदा उपदफा (१) बमोजिमको रकमको सीमाभित्र रही सो उपदफा बमोजिमको सुविधा प्राप्त गर्न सक्नेछन् । ♠

(४) उपदफा (१), (२) र (३) बमोजिमको सुविधा दावी गर्ने योगदानकर्ताले कुल दावी रकमको २० प्रतिशत आफ्नो तर्फबाट व्यहोर्नुपर्नेछ ।

---

♠ दोस्रो संशोधनद्वारा संशोधित

♦ तेश्रो संशोधनद्वारा संशोधित

सामाजिक सुरक्षा कोष

♦(४क) उपदफा (१), (२) र (३) बमोजिम योगदानकर्ता वा योगदानकर्ताको पति वा पत्नीलाई कोषबाट उपलब्ध गराइने उपचार सुविधा वापत प्रदान गरिने कुल रकम एक आर्थिक वर्षमा एक लाख रुपैयाँ भन्दा बढी हुनेछैन ।

तर योगदानकर्ताको घातक रोगको औषधि उपचारको हकमा देहायको सीमाको अधिनमा रही दश लाख रुपैंयासम्म सोधभर्ना प्रदान गरिनेछ:-

(क) घातक रोगको पहिचानका क्रममा भएको खर्च मध्ये घातक रोग प्रमाणित भएपश्चात विल वमोजिम बढीमा एकलाख रुपैंयाँ,

(ख) स्वदेशी अस्पताल वा नेपालमा उपचार हुन नसक्ने भनि प्रचलित कानून बमोजिम नेपाल सरकारबाट गठित मेडिकल बोर्डको सिफारिशको आधारमा विदेशको अस्पतालमा भर्ना भइ उपचारको क्रममा भएको खर्च मध्ये बढीमा सातलाख रुपैंयाँ,

(ग) अस्पतालवाट डिस्चार्ज भएपछि पुनः परीक्षणको क्रममा भएको खर्चमध्ये बढीमा दुईलाख रुपैंयाँ,

(घ) खण्ड (क), (ख) र (ग) वमोजिम सोधभर्ना प्रदान गरिने रकमको सीमा कम्तीमा पचास हजार रुपैंयाँ हुनेछ । तर अस्पतालवाट सिधै औषधि उपचार खर्च कोषमा दावि भएको हकमा यो प्रावधान लागू हुने छैन ।

(ङ) योगदानकर्ताले यो सुविधाको रकम कुल पाउने रकममा नबढ्ने गरी निजको जम्मा सेवा अवधिभर एकै पटक वा पटक पटक गरी उपभोग गर्न सक्नेछन ।

(च) यस सुरक्षा योजना अन्तर्गत प्रदान गरिने सुविधा उपचारमा खर्च भएको रकम भुक्तानीको प्रयोजनका लागि मात्र प्रदान गरिनेछ ।

(५) महिला योगदानकर्ता वा योगदानकर्ताको पत्नी प्रसूति भएको अवस्थामा प्रसूति स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक बराबरको रकम उपलब्ध गराईनेछ र यस्तो रकम चौविस हप्ता भन्दा बढी अवधिको गर्भपतन वा मृत शिशु जन्म भएको अवस्थामा समेत प्रदान गरिनेछ । पति र पत्नी दुवै योगदानकर्ता भएको अवस्थामा भने कुनै एक जनाले मात्र यस्तो सुविधा दावी गर्नु पर्नेछ ।

♣(६) यस दफा वमोजिम सुविधा प्राप्त गर्ने योगदान कर्ताले नेपाल सरकार वा अन्य विमा योजना वमोजिम कुनै स्वास्थ्य सुविधा लिन पाउने भएमा त्यस्तो सुविधा लिन यस कार्यविधिमा लेखिएको कुनै कुराले वाधा पर्ने छैन ।"

"तर एउटै उपचार वापत गरिएको खर्चको विल पेश गरी एक स्थानबाट भुक्तानी लिए पछि पुन सोही वील पेश गरी दोहोरो पर्ने गरी कोषमा भुक्तानी दाबी गर्न पाईने छैन ।♠

---

♦ तेश्रो संशोधनद्धारा संशोधित

♣ पहिलो संशोधनद्धारा थप गरिएको

♠ दोस्रो संशोधनद्धारा संशोधित

♠(७) यस दफा बमोजिम सुविधा भुक्तानी गर्दा कोषको स्वास्थ्य संस्था छनौट तथा योजनाको रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको दर अनुसार भुक्तानी गरिनेछ। रकम भुक्तानीको लागि दाबी गर्दा सो कार्यविधिमा उल्लेख भएको दर भन्दा कम दरमा दाबी गरिएको भएमा त्यस्तो वील परीक्षण (Verify) गरी विलमा उल्लेख भए बमोजिम रकम भुक्तानी गरिनेछ।

७. **बिदा वापतको रकम भुक्तानी :** (१) श्रम ऐन वा प्रचलित कानुन बमोजिम वा सामूहिक सम्झौता बमोजिम रोजगारदाताबाट पारिश्रमिक सहितको बिरामी विदा पाउने अवधि (कम्तीमा वार्षिक बाह्र दिन) भन्दा लामो अवधिसम्म अस्पतालमा बसी उपचार गराउँदा वा चिकित्सकको सिफारिसमा घरमै वसी उपचार गराउनुपर्ने अवस्थाका योगदानकर्ताले त्यस्तो अवधिमा निजको आधारभूत पारिश्रमिकको साठी प्रतिशत रकम बिरामी सुविधा वापत पाउने छ। तर त्यस्तो बिदा अवधि वार्षिक तेह्र हप्ता भन्दा बढी अवधिको भएमा सो अवधिको लागि पारिश्रमिक भुक्तानी गरिने छैन।

(२) श्रम ऐन, २०७४ वा प्रचलित नेपाल कानुन बमोजिम वा सामूहिक सम्झौता बमोजिम रोजगारदाताबाट पारिश्रमिक सहितको प्रसूति बिदा पाउने अवधि (कम्तीमा साठी दिन) बाहेक प्रसूति बिदा बस्नु पर्दा सो अवधिका लागि निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशतका हिसावले योगदानकर्तालाई प्रसूति बिदाको रकम सुविधा वापत भुक्तानी गरिनेछ।
तर यस्तो रकम श्रम ऐन, २०७४ को दफा ४५(३) वा अन्य प्रचलित नेपाल कानून वमोजिमको प्रसूति बिदा वापत रकम प्राप्त गर्ने साठी दिन समेत जोडी हुन आउने अन्ठानब्बे दिन भन्दा बढी हुने छैन।

(३) उपदफा (१) र (२) मा उल्लेखित विदा वापतको रकम दफा ६ बमोजिमको रकमको सीमा भित्र समावेश हुने छैन।

(४) विरामी विदा वा प्रसूति विदा पाउने अवस्थामा रोजगारदाताको व्यवसाय बन्द भएको वा रोजगारी अन्त्य भएको कारण विदा पाउने अवस्था नभएमा रोजगारदाताले प्रदान गर्नुपर्ने विदा अवधिको आधारभूत पारिश्रमिकको साठी प्रतिशत रकम कोषले सम्बन्धित योगदानकर्तालाई भुक्तानी गर्नेछ।

(५) यस सम्वन्धी अन्य व्यवस्था कोषले समय समयमा किटान गरे वमोजिम हुनेछ।

८. **सुविधा प्राप्त हुन नसक्ने अवस्था** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा योगदानकर्ताले औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना अन्तर्गतको सुविधा प्राप्त गर्ने छैनः

(क) दुर्घटना भई उपचारको लागि आवश्यक पर्ने अवस्थामा बाहेक प्लाष्टिक सर्जरी तथा दाँतको उपचार वापतको खर्च,

(ख) बारियट्रिक सर्जरी (बोसो निकाल्ने) वापतको खर्च,

---

♠ दोश्रो संशोधनद्वारा थप

सामाजिक सुरक्षा कोष

(ग) देशव्यापी रुपमा महामारी फैलिई कोषले खर्च धान्न नसक्ने भै योजना निलम्वन गरेको अवस्थामा ।

(ग१) प्रचलित कानूनबमोजिम बाहेक अन्य अवस्थामा गर्भपतन गराउँदा भएको खर्च,♠

(घ) दुर्घटना तथा अशक्तता सुरक्षा योजना अर्न्तगत यस परिच्छेदमा उल्लेख भएको समान सुविधा प्राप्त गरेको अवस्थामा ।

८क. निवृत्तभरण अवधिमा समेत योगदान गरी सुविधा पाउन सक्ने : (१) यस कार्यविधि बमोजिम मासिक रुपमा निवृत्तभरण लिने योगदानकर्ताले आफुले पाउने निवृत्तभरणको रकमबाट कोषले निर्धारण गरे बमोजिमको रकम कोषमा योगदान गरी दफा ३ बमोजिमको योजनालाई निरन्तरता दिन सक्नेछ ।♠

(२) उपदफा (१) बमोजिम योगदान गरी दफा ३ बमोजिमको योजनालाई निरन्तरता दिने योगदानकर्तालाई कोषले सो योजना बमोजिमको सुविधा उपलब्ध गराउनेछ ।

सामाजिक सुरक्षा कोष

♠ दोस्रो संशोधनद्वारा थप

## परिच्छेद ३
## दुर्घटना तथा अशक्तता सुरक्षा योजना

९. **दुर्घटना तथा अशक्तता सुरक्षा योजनाबाट प्राप्त गर्ने सुविधा :** योगदानकर्तालाई यस योजना अर्न्तगत निम्न सुविधा प्राप्त हुनेछ :

(१) दुर्घटना वापतको सुविधा

(२) अशक्तता वापतको सुविधा

१०. **सुविधा प्राप्त गर्ने अवस्था :** (१) योगदानकर्ता दुर्घटनामा परी उपचार गर्नु पर्ने भएमा यस योजना बमोजिमको सुविधा प्राप्त गर्न सक्नेछ।♠

♣(२) उपदफा (१) बमोजिम प्राप्त हुने सुविधा सामाजिक सुरक्षा कोषमा सूचीकरण भै कोषले योगदान लिन प्रारम्भ गरेको मितिवाट लागू हुनेछ। योगदान गर्न छाडेपछि यो सुविधा प्रदान गरिने छैन।

♣(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवसायजन्य रोगको उपचार तथा सो सँग सम्बन्धित अन्य सुविधा कम्तीमा दुई वर्ष योगदान गरेपछि मात्र पाउनेछन्। यस्तो सुविधा योगदान गर्न छाडेको दुई वर्षको अवधिसम्म लागू रहनेछ।

११. **योजना सुविधाको सीमा**: देहायको अवस्थामा यस योजना वमोजिम सुविधा प्रदान गरिनेछ :

(१) योगदानकर्ता रोजगारीजन्य दुर्घटनामा परी वा व्यवसायजन्य रोगको उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च,

(१क) उपदफा (१) बमोजिम रोजगारीजन्य दुर्घटनामा परी उपचार गराउँदा सम्बन्धित रोजगारदाता वा योगदानकर्ता वा निजको परिवारको सदस्यले सात दिनभित्र कोषलाई जानकारी गराउनुपर्नेछ। यसरी जानकारी गराउँदा कोषले उपलब्ध गराएको प्रणाली वा फोन नम्बर वा ईमेल ठेगानामा सामाजिक सुरक्षा नम्बर उल्लेख गरी म्यासेज वा इमेलको माध्यमबाट समेत गराउन सकिनेछ।♠

(१ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१क) बमोजिम कोषलाई जानकारी नगराई कोषसँग सम्झौता भएको अस्पताल बाहेक अन्य अस्पतालमा रोजगारीजन्य दुर्घटनामा उपचार गराएकोमा त्यस्तो उपचार वापत सातलाख रुपैयाँभन्दा बढीको खर्च कोषबाट व्यहोरिने छैन।♠

---

♠ दोस्रो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा संशोधत

सामाजिक सुरक्षा कोष

♠(२) रोजगारीजन्य वाहेक अन्य दुर्घटना भएको अवस्थामा कोषले सात लाख रुपैयाँसम्मको मात्र उपचार खर्च व्यहोर्नेछ ।

तर अन्य बीमा प्रणालीबाट सातलाख रुपैयाँ वा सो भन्दा बढी सुविधा पाउने अवस्थामा कोषले कुनै खर्च व्यहोर्ने छैन र सो भन्दा कम सुविधा पाउने भएमा बाँकि रकमको हदसम्म कोषले व्यहोर्नेछ ।

(३) रोजगारीजन्य दुर्घटना वा व्यवसायजन्य रोगको कारण अस्थायी पूर्ण असक्षमता भएको योगदानकर्ताले निजले खाइपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज काममा नफर्कंदासम्म पाउनेछ ।

(४) रोजगारीजन्य दुर्घटना वा व्यवसायजन्य रोगका कारण स्थायी असक्षमता भएको योगदानकर्ताको असक्षमताको अनुपातमा निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकमलाई शतप्रतिशत मानी निजको असक्षमता प्रतिशतको आधारमा जीवनकालभर निवृत्तभरण सुविधावापत मासिक रुपमा रकम पाउनेछ ।

(५) रोजगारीजन्य दुर्घटना वा व्यवसायजन्य रोगका कारण स्थायी पूर्ण असक्षमता भएको योगदानकर्ताले निजले खाईपाई आएको आधारभूत पारिश्रमिकको साठी प्रतिशत बराबरको रकम मासिक रुपमा निज जीवित रहुञ्जेल निजलाई वा निज आफैं हिंडडुल गर्न नसकेमा निजलाई हेरचाह गर्ने आश्रित परिवारको सदस्य वा निजलाई हेरचाह गर्ने अन्य व्यक्ति वा संस्थालाई भुक्तानी गर्ने व्यवस्था गरिनेछ ।

(६) हेरचाह गर्ने व्यक्ति वा संस्थालाई रकम भुक्तानी गर्दा सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सिफारिसमा गरिनेछ ।

(७) यस परिच्छेद बमोजिमको असक्षमताको प्रतिशत परिच्छेद ७ बमोजिमको स्वास्थ्य परीक्षण समितिले किटान गरे बमोजिम हुनेछ ।

(८) माथि जुनसुकै कुरा लेखिएको भएता पनि दफा १३ बमोजिम आवधिक रुपमा गरिने असक्षमताको अवस्थाको पुनरावलोकन गर्दा असक्षमताको अवस्थामा परिवर्तन आएमा सोही बमोजिम सुविधामा फेरवदल हुन सक्नेछ ।

♣(९) यस परिच्छेद वमोजिम असक्षमता प्रतिशतको आधारमा प्रदान गरिने निवृत्तभरण रकममा विमाङ्कीको प्रतिवेदनको आधारमा संचालक समितिले निर्धारण गरे बमोजिमको दरले मुद्रास्फिति समायोजन गरिनेछ ।

♠ दोस्रो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा संशोधित

सामाजिक सुरक्षा कोष

१२. **निवृत्तभरण सुविधाको सीमा :** यस परिच्छेद बमोजिम कोषले उपलब्ध गराउने शतप्रतिशत असक्षमता वापतको मासिक निवृत्तभरण रकम नेपाल सरकारले सम्बन्धित क्षेत्रका लागि तोकेको न्यूनतम आधारभुत♠ पारिश्रमिक अंकको साठी प्रतिशत भन्दा घटी हुने छैन ।

तर असक्षमताको प्रतिशत विस वा सो भन्दा कम भएमा कोषले सो बमोजिम अनिवार्य अवकाशको अवधि र दफा १३ बमोजिमको असक्षमता प्रतिशत तथा अनुसूची १७ बमोजिमको गुणक (Commutation factors) को आधारमा हिसाब गरी भुक्तानी गर्न सक्नेछ ।

१३. **असक्षमताको प्रतिशतको किटान र पुनरावलोकन :** (१) असक्षमताको प्रतिशत किटान परिच्छेद ७ वमोजिमको स्वास्थ्य परीक्षण समितिले गर्नेछ ।

(२) यस परिच्छेद बमोजिमको असक्षमताको प्रतिशत प्रत्येक पाँच वर्षमा परिच्छेद ७ बमोजिमको स्वास्थ्य परीक्षण समितिले पुनरावलोकन गर्नेछ ।

(३) योगदानकर्ता असक्षमता प्रतिशतको अन्तिम पुनरावलोकन निजको उमेरको ५८औं वर्षमा हुनेछ र सो असक्षमताको प्रतिशतमा आएको परिवर्तनको आधारमा दफा १२ बमोजिम दिने निवृत्तभरण रकममा परिवर्तन हुन सक्नेछ ।

१३क. भुक्तानीको दर : यस परिच्छेद बमोजिम उपचार खर्च भुक्तानी गर्दा कोषको स्वास्थ्य संस्था छनौट तथा योजनाको रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको दर अनुसार भुक्तानी गरिनेछ । रकम भुक्तानीको लागि दाबी गर्दा सो कार्यविधिमा उल्लेख भएको दर भन्दा कम दरमा दाबी गरिएको भएमा त्यस्तो वील परीक्षण (Verify) गरी विलमा उल्लेख भए बमोजिम रकम भुक्तानी गरिनेछ ।♠

सामाजिक सुरक्षा कोष

♠ दोस्रो संशोधनद्वारा संशोधित

## परिच्छेद ४
## आश्रित परिवार सुरक्षा योजना

१४. **आश्रित परिवार सुरक्षा योजनाबाट प्राप्त गर्ने सुविधा :** योगदानकर्ताको मृत्यु भएमा यस योजना अर्न्तगत आश्रित परिवारलाई निम्न सुविधा प्राप्त हुनेछ :

(क) पति वा पत्नीले पाउने निवृत्तभरण
(ख) सन्ततिले पाउने शैक्षिक वृत्ति
(ग) आश्रित वावु आमाले पाउने सुविधा
(घ) अन्तिम संस्कार खर्च

१४क. **आश्रित परिवार सुरक्षा योजनाको प्रारम्भ** : दफा १४ बमोजिमको आश्रित परिवार सुरक्षा योजना बमोजिम प्राप्त हुने सुविधा सामाजिक सुरक्षा कोषमा सूचीकरण भई कोषले योगदान लिन प्रारम्भ गरेको मितिबाट प्रदान गरिनेछ र योगदानकर्ताले योगदान गर्न छाडेपछि यो सुविधा प्रदान गरिने छैन ।♠

♣१५. **योगदानकर्ताको पति वा पत्नीले निवृत्तभरण पाउने**: (१) जुनसुकै कारणबाट योगदानकर्ताको मृत्यु भएमा निजको पति वा पत्नीले योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको साठी प्रतिशतको दरले निजले जीवनभर निवृत्तभरण पाउने छन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि योगदानकर्ताको पति वा पत्नीले अर्को विवाह गरेमा वा निजको वैकल्पिक रोजगार रहेको अवस्थामा भने यो सुविधा दिईने छैन । तर त्यस्तो व्यक्तिको रोजगारी समाप्तभई बृद्धावस्था अन्तर्गतको निवृत्तभरण प्राप्त गर्ने अवस्था नरहेमा कोषमा निवेदन दिई यस परिच्छेद बमोजिमको निवृत्तभरण सुविधा माग गर्न सकिनेछ ।

(३) यस परिच्छेद वमोजिम प्रदान गरिने निवृत्तभरणरकममा विमाङ्कीको प्रतिवेदनको आधारमा संचालक समितीले निर्धारण गरे बमोजिमको दरले मुद्रास्फिति समायोजन गरिनेछ ।"

♣१६. **योगदानकर्ताको सन्ततिले शैक्षिक वृत्ति पाउने :** (१) योगदानकर्ताको मृत्यु भएको अवस्थामा निजको अठार वर्ष उमेर पूरा नभएको सन्ततिले सो उमेर पूरा नभएसम्म शैक्षिकवृत्ति बापत योगदानकर्ताको अन्तिम आधारभूत पारिश्रमिकको चालीस प्रतिशत रकम मासिक रुपमा पाउनेछ ।

तर एक भन्दा बढी सन्तती सुविधा पाउने अवस्थाको भएमा बढीमा दुई सन्ततीलाई आधारभूत पारिश्रमिकको चालिस प्रतिशत रकमलाई दामासाहीले प्रदान गरिनेछ ।♠

---

♠ दोस्रो संशोधनद्धारा संशोधित र थप

♣ पहिलो संशोधनद्धारा संशोधित

(२) यदि कुनै सन्तति निरन्तर अध्ययनरत रहेमा त्यस्तो सुविधा एक्काइस वर्षको उमेर पुरा नभए सम्म प्रदान गर्न सकिनेछ ।

तर निजको विवाह भएमा वा अध्ययन पूरा भएमा त्यस्तो सुविधा प्रदान गरिने छैन ।

(३) माथी उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सन्तति शारीरिक वा मानसिक रुपमा काम गर्न असक्षम भएमा त्यस्तो सन्ततिको हकमा उमेरको हद लागू हुने छैन ।

**१७. बाबु आमाले सुविधा पाउन सक्ने :** ♣(१) योगदानकर्ताको एकाघरको पति वा पत्नी वा छोरा वा छोरी नभएको तर निजसंग आश्रित बाबु आमा रहेछन् भने निजहरुलाई योगदानकर्ताको आधारभूत पारिश्रमिकको साठी प्रतिशत रकम निजहरुको जीवनकालभर मासिक रुपमा प्रदान गरिनेछ ।

तर बाबु आमा दुवै जीवित भएमा दुवैलाई दामासाहीले सुविधा प्रदान गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजहरुको वैकल्पिक रोजगार रहेको वा निजले अन्यत्रबाट यसमा लेखिएको भन्दा बढी सुविधा पाउने रहेछ भने यो सुविधा पाउने छैन ।

१८. **अन्तिम संस्कार खर्च पाउने** : जुनसुकै कारणले योगदानकर्ताको मुत्यु भएमा ♣वा कुनै योगदानकर्ता स्थायी वा अस्थाई असक्षमता भई लामो समय सुविधा पाएपछि मृत्यु भएमा निजको अन्तिम संस्कारको लागि निजको नजिकको आश्रित परिवार सदस्य वा हकवालालाई पच्चीस हजार रुपैयाँ एकमुष्ठ उपलब्ध गराईनेछ ।

♣ पहिलो संशोधनद्धारा संशोधित

सामाजिक सुरक्षा कोष

## परिच्छेद ५
## वृद्ध अवस्था सुरक्षा योजना

**१९. <u>योजनामा सहभागी हुने</u>**: (१) कोषमा रोजगारदाताले श्रमिकको आधारभूत पारिश्रमिकको १० प्रतिशत सञ्चय कोष वापत र ८.३३ प्रतिशत उपदान वापत समेत गरी जम्मा १८.३३ प्रतिशत रकम र श्रमिकले सञ्चयकोष वापत गर्ने १० प्रतिशत योगदानको रकम गरी जम्मा २८.३३ प्रतिशत रकमबाट कोषले वृद्ध अवस्था सुरक्षा योजना सञ्चालन गर्नेछ ।

(१क) कुनै योगदानकर्ताले कोषलाई अग्रीम जानकारी दिई आफ्नो पारिश्रमिकबाट उपदफा (१) बमोजिमको योगदानको अतिरिक्त थप रकम योगदान गर्न सक्नेछ ।♠

(२) उपदफा (१) वमोजिमको योगदानकर्ता श्रमिकले देहायको सुविधा पाउनेछन् :

(क) निवृत्तभरण योजना,

(ख) अवकाश सुविधा योजना ।

(२क) उपदफा (१) वमोजिम बृद्ध अवस्था सुरक्षा योजनामा जम्मा हुने २८.३३ प्रतिशत योगदान रकम मध्येको २० प्रतिशत रकम निवृत्तभरण योजनामा जम्मा गरिनेछ ।♠

(२ख) उपदफा (१) वमोजिम बृद्ध अवस्था सुरक्षा योजनामा जम्मा हुने २८.३३ प्रतिशत योगदान रकम मध्येको ८.३३ प्रतिशत रकम अवकाश सुविधा योजनामा जम्मा गरिनेछ ।♠

♣(३) सामाजिक सुरक्षा कोषमा सूचीकरण भै कोषले योगदान लिन प्रारम्भ गरेको मितिबाट उपदफा (१) बमोजिमको योजनामा सहभागी भएको मानिनेछ ।

♣(४) कोषमा योगदान शुरु हुनु भन्दा अगाडि प्रचलित कानून वमोजिम संचालनमा रहेका अन्य अवकास योजनामा उपदान, संचयकोष जम्मा गर्ने वा रोजगार दाताको जिम्मामा रहेको योगदानकर्ताको श्रमिकको रकम सम्बन्धमा देहाय बमोजिम हुनेछ :

(क) कुनै योगदानकर्ता श्रमिकले त्यस्तो रकम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न चाहेमा कोषको संचालक समितिले तोकेको मितिवाट श्रम ऐन २०७४ को दफा ५२ को उपदफा (५) र दफा ५३ को उपदफा (५) तथा श्रम नियमावली २०७५ को परिच्छेद ५ वमोजिम कोषमा रकम हस्तान्तरणको व्यवस्था मिलाईनेछ ।

(ख) उपदफा (२) को खण्ड (क) वमोजिमको रकम हस्तान्तरण प्रयोजनको लागि कोषले सम्वन्धित अवकास कोषसंग वा रोजगादातासंग समन्वय गर्नेछ ।

---

♠ दोस्रो संशोधनद्वारा थप

♣ पहिलो संशोधनद्वारा संशोधित

सामाजिक सुरक्षा कोष

(ग) उपदफा (२) को खण्ड (क) मा उल्लेख गरिए बमोजिम कुनै श्रमिकले कोषमा योगदान शुरु गरेको मिति भन्दा अगाडिको संचयकोष र उपदान बापतको रकम सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न नचाहेमा कोषमा योगदान शुरु गर्ने मिति भन्दा अगाडिको त्यस्तो रकम सम्वन्धित श्रमिकले आफै भुक्तानी लिन वा प्रचलित कानून वमोजिम संचालनमा रहेको अन्य अवकास कोषमा रहेको रकम सोही कोषमा नै राख्न सक्नेछ ।"

२०. **निवृत्तभरण योजनामा सहभागिता** : (१) संवत् २०७८ साल साउन १ गते वा सो भन्दा पछि कोषमा योगदान प्रारम्भ गर्ने सबै योगदानकर्ता निवृत्तभरण योजनामा समावेश हुनेछन् ।♠

(२) यो दफा प्रारम्भ हुँदाका बखत कोषमा योगदान गर्ने योगदानकर्ता तथा यो दफा प्रारम्भ भएपछि संवत् २०७८ साल असार मसान्तसम्ममा कोषमा योगदान प्रारम्भ गर्ने योगदानकर्ताले कोषमा लिखित रुपमा निवेदन दिई निवृत्तभरण योजनामा सहभागी हुन सक्नेछ ।♠

२१. निवृत्तभरण योजना अन्तर्गत पाउने सुविधा : यस योजनामा योगदान गर्ने श्रमिकलाई देहायको अवस्थामा देहाय बमोजिम सुविधा प्रदान गरिनेछ :

(क) योगदानकर्ताको अवकाश उमेर पुरा भएपछि दफा १९ को उपदफा (२क) बमोजिम निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई १६० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण पाउनेछ ।♠

(ख) कुनै योगदानकर्ताको सुविधा प्राप्त गर्ने उमेर नपुग्दै मृत्यु भएमा निजको हकवालालाई निजले कोषमा गरेको योगदान, रोजगारदाताको तर्फबाट भएको योगदान र कोषको लगानीवाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कूल योगदान रकम एकमुष्ठ रुपमा प्रदान गरिनेछ ।

♣२२. **निवृत्तभरण पाउन योग्य हुने अवस्था:** (१) निवृत्तभरणप्राप्त गर्न योगदानकर्ताको उमेर साठी वर्ष पूरा भएको र कम्तीमा १८० महिना योगदान गरेको हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै योगदानकर्ताले १८० महिनाको योगदान नगर्दै साठी वर्ष उमेर पुरा भएको रहेछ भने दफा १९ को उपदफा (२क) बमोजिम निवृत्तभरण योजनामा जम्मा भएको रकम र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कूल योगदान रकम एकमुष्ठ लिने वा सो रकमलाई १६० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर निवृत्तभरण लिने मध्ये कुनै एउटा विकल्पको छनौट गर्न सक्नेछ ।♠

सामाजिक सुरक्षा कोष

---

♠ दोस्रो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा संशोधित

♠२३. **अवकाश सुविधा योजनामा रहने रकम र पाउने सुविधाः** (१) अवकास सुविधा योजनामा देहाय बमोजिमको रकम रहनेछ :-

(क) दफा १९ को उपदफा (२ख) बमोजिम बृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत अवकाश सुविधा योजनामा जम्मा भएको रकम,

(ख) दफा १९ को उपदफा (१क) बमोजिम योगदानकर्ताले स्वेच्छिक रुपमा जम्मा गरेको रकम,

(ग) १९ को उपदफा (४) बमोजिम कोषमा हस्तान्तरण भई आएको रकम,

(घ) यो दफा प्रारम्भ हुँदाका बखत कोषमा योगदान गर्ने योगदानकर्ता वा यो दफा प्रारम्भ भएपछि संवत् २०७८ साल असार मसान्त सम्ममा कोषमा योगदान प्रारम्भ गर्ने योगदानकर्ताले निवेदन दिई अवकाश सुविधा योजनामा हस्तान्तरण गरेको दफा १९ को उपदफा (२क) बमोजिम निवृत्तभरण योजनामा जम्मा भएको रकम,

(ङ) दफा २३क.बमोजिम योगदानकर्ताले दिएको निवेदनको आधारमा अवकाश सुविधा योजनामा जम्मा भएको रकम, र

(च) दफा २४ङ. बमोजिम साठी वर्ष उमेर पुरा गरेका व्यक्ति सामाजिक सुरक्षा योजनामा सहभागी भएकोमा निजको वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत निवृत्तभरण योजना र अवकाश सुविधा योजना अन्तर्गत जम्मा हुने रकम ।

(२) यस दफा बमोजिम कोषमा जम्मा भएको रकम र सो रकममा प्राप्त प्रतिफल समेत जोडी हुन आउने रकम योगदानकर्ता अवकाश हुँदाका वखत वा निजको रोजगारीको अन्त्य भएको अवस्थामा योगदानकर्ताले र योगदानकर्ताको मृत्यु भएको अवस्थामा निजको हकवालाले एकमुष्ठ भुक्तानी पाउनेछ ।

(३) यस दफाबमोजिम कोषमा जम्मा भएको रकमबाट कोषको लगानी कार्यविधि, २०७७ को अधिनमा रही तीन वर्ष लगातार योगदान गर्ने योगदानकर्तालाई अवकाश सुविधा रकममा जम्मा भएको रकमको ८० प्रतिशतसम्म विशेष सापटी प्रदान गर्न सकिनेछ ।

♠२३क. **अवकाश सुविधा योजनामा जम्मा गर्न सकिने** : यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै योगदानकर्ताको वृद्ध अवस्था सुरक्षा योजना अन्तरगतको निवृत्तभरण योजनामा मासिक जम्मा हुने दफा १९ को उपदफा (२क) बमोजिमको रकम नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको तीन गुणा भन्दा बढी भएमा बढी भए सम्मको रकम दफा २३ बमोजिमको अवकाश सुविधा योजनामा जम्मा हुने गरी निवेदन दिएमा कोषले त्यस्तो रकम अवकाश सुविधा योजनामा जम्मा गरिदिन सक्नेछ ।

♠२४. **प्रतिफल प्रदान गर्ने** : (१) कोषले यस परिच्छेद बमोजिमका योजनाहरु सञ्चालन गर्दा व्याजदर निर्धारण भएकोमा सोही दरलाई प्रतिफल मानिनेछ ।

---

♠ दोश्रो योजनाद्धारा संशोधित

(२) उपदफा (१) बमोजिमको प्रतिफलको अतिरिक्त कोषले प्राप्त गरेको मुनाफाको आधारमा योगदानकर्तालाई थप प्रतिफल प्रदान गर्न बाधा पर्ने छैन ।

♣२४क. **विदेशी नागरिकले रकम फिर्ता लैजान पाउने** : (१) विदेशी नागरिकले रोजगार सम्वन्ध समाप्त भए पछि जुनसुकै समयमा कोषमा रहेको वृद्ध अवस्था सुविधा योजना बमोजिम पाउने रकम एकमुष्ट♠ फिर्ता लैजान सक्नेछ ।

(२) कुनै विदेशी नागरिकको नेपालमा कार्यरत रहदै वा सेवा समाप्त भएपछि रकम फिर्ता लिनु अगाडि मृत्यु भएमा निजले ईच्छाएको व्यक्ति वा हकवालालाई कोषले रकम भुक्तानी गर्नेछ ।

(३) कुनै नेपाली नागरिकले नेपालको नागरिकता त्यागी विदेशी नागरिकता लिएकोमा सोको प्रमाण सहित निवेदन दिएमा विदेशी नागरिक सरह कोषले रकम फिर्ता दिनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषमा योगदान गर्ने कुनै विदेशी नागरिकको मृत्यु भई निजको हकवालाले दफा १५, १६ र १७ बमोजिमको सुविधा पाउने अवस्था भएमा त्यस्तो हकवालाले सो सुविधा वापत एकमुष्ट रकम लिन चाहेमा सात लाख रुपैयाँ सम्म लिन पाउनेछ ।♠

♣२४ख. **मुद्रा स्फिति समायोजन गरिनेः** यस परिच्छेद वमोजिम प्रदान गरिने निवृत्तभरणरकममा विमाङ्कीको प्रतिवेदनको आधारमा संचालक समितीले निर्धारण गरे वमोजिमको दरले मुद्रास्फिति समायोजन गरिने छ ।

♣२४ग. **पति वा पत्नीले निवृत्तभरणपाउने :** कुनै योगदानकर्ताले निवृत्तभरणप्राप्त गर्न शुरु गरे पछि १८० महिना निवृत्तभरणनपाउदै निजको मृत्यु भएमा निजको पति वा पत्नीको वैकल्पीक रोजगारी नभएको वा निवृत्तभरणपाउने अवस्था नभएमा मृतकको पति वा पत्नीलाई योगदानकर्ताले पाईरहेको निवृत्तिभरणको पचास प्रतिशतले हुन आउने रकम आजिवन निवृत्तभरणप्रदान गरिनेछ ।

तर योगदानकर्तासंग निजको वैवाहिक सम्बन्ध कायम नरहेको अवस्थामा यो सुविधा प्रदान गरिने छैन ।

♣२४घ. **कोषबाट निवृत्तभरणप्राप्त गर्न सकिने**ः नेपाल सरकार वा अन्यत्रबाट निवृत्तभरणपाईरहेको व्यक्तिले कोषमा योगदान गरी निवृत्तिभरणको लागि योग्य भएमा कोषबाट निवृत्तभरणलिन बाधा पर्ने छैन ।

♠२४ङ. **योगदानमा स्वेच्छिक सहभागी हुन सक्ने :** (१) साठी बर्ष उमेर पुरा गरेर पनि श्रम सम्बन्ध कायम रहेको व्यक्ति स्वेच्छाले सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछ ।

---

♣ पहिलो संशोधनद्वारा थप

♠ दोश्रो संशोधनद्वारा संशोधन

(२) उपदफा (१) बमोजिम सामाजिक सुरक्षा योजनामा सहभागी भएको व्यक्तिको यस परिच्छेद बमोजिमको वृद्ध अवस्था सुरक्षा योजना अन्तरगत निवृत्तभरण योजनामा जम्मा गर्नु पर्ने २० प्रतिशत रकम समेत अवकास सुविधा योजनामा जम्मा गरिनेछ ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद- ६
## योगदानको बाँडफाँड, सुविधा दावी तथा भुक्तानी प्रक्रिया

**२५. योगदानको बाँडफाँड :** रोजगारदाताले श्रमिकको आधारभूत पारिश्रमिकवाट ११ प्रतिशत रकम कट्टी गरी सो रकममा श्रमिकको आधारभूत पारिश्रमिकको २० प्रतिशत रकम थप गरी कुल ३१ प्रतिशत रकम कोषमा जम्मा गर्नेछन् र यस्तो रकम कोषले निम्न योजनामा निम्न अनुसार बाँडफाँड गर्नेछ :

(क) औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनाको लागी १ प्रतिशत

(ख) दुर्घटना तथा अशक्तता सुरक्षा योजनाको लागि १.४० प्रतिशत

(ग) आश्रित परिवार सुरक्षा योजनाको लागि ०.२७ प्रतिशत

(घ) वृद्ध अवस्था सुरक्षा योजनाको लागि २८.३३ प्रतिशत

♦**२५क. योगदानकर्ताको पति वा पत्नि र योगदानकर्ताको घातक रोगको उपचार सुविधाको स्रोतः** यस कार्यविधि बमोजिम योगदानकर्ताको पति वा पत्निलाई औषधि उपचार सुरक्षा योजनाको खर्च भुक्तानी गर्ने प्रयोजनका लागि दफा २५ को खण्ड (क) बमोजिम मासिक जम्मा हुने बरावरको रकम र दफा ३ को खण्ड (ग) बमोजिम योगदानकर्ताको घातक रोगको औषधि उपचार सुरक्षा योजनाको खर्च योगदानकर्तालाई भुक्तानी दिएको औषधि उपचार खर्च बराबरको रकम गरि दुवै खर्च योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ को उपदफा (२) खण्ड (घ) बमोजिम राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा भएको रकमको प्रतिफलबाट कोषमा मासिक रुपमा हस्तान्तरण गरिनेछ ।

२६. <u>सुविधाका लागि निवेदन दिनुपर्ने</u>: यस कार्यविधि वमोजिम सुरक्षा योजनाहरुमा सहभागी भई सुविधा प्राप्त गर्नको लागि कोषको कार्यालय वा कोषले तोकेको आधिकारिक प्रतिनिधि समक्ष देहाय बमोजिम निवेदन दिनुपर्नेछ ।

(क) औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना बमोजिमको सुविधा प्राप्त गर्न श्रमिकले अनुसूची १ बमोजिम र सोझै अस्पतालले दावी गर्दा अनुसूची २ बमोजिम माग गर्नु पर्नेछ । मातृत्व सुरक्षा योजना बमोजिमको सुविधा प्राप्त गर्न श्रमिकले अनुसूची ३ बमोजिम माग गर्नु पर्नेछ ।

(ख) दुर्घटना तथा अशक्तता सुरक्षा योजना बमोजिमको सुविधा प्राप्त गर्न श्रमिकले अनुसूची ४ बमोजिम माग गर्नुपर्नेछ ।

(ग) दुर्घटना सुरक्षा योजना (व्यवसायजन्य रोग) बमोजिमको सुविधा दावी गर्न श्रमिकले अनुसूची ५ वमोजिम माग गर्नु पर्नेछ ।

---

♦ तेश्रो संशोधन वाट थप

(घ) आश्रित परिवार सुरक्षा योजनामा सहभागि हुनको लागि अनुसूची ६ बमोजिमको दावी फाराम भर्नुपर्नेछ र अन्तिम संस्कार खर्चका लागि अनुसूची ७ बमोजिमको खर्च दावी फाराम भर्नु पर्नेछ ।

(ङ) वृद्ध अवस्था सुरक्षा योजना बमोजिम सुविधा प्राप्त गर्न देहाय बमोजिमको आवेदन मागदावी फाराम भर्नु पर्नेछ ।

(१) निवृत्तभरणको दावीको लागि अनुसूची ८ बमोजिमको फाराम भर्नुपर्नेछ । सो फाराम जाँचबुझ गरेपछि कोषले अनुसूची ९ बमोजिमको निवृत्तभरण किटान फाराम भरी अनुसूची १० बमोजिमको निवृत्तभरण अधिकारपत्र जारी गरिनेछ ।

(२) आश्रित परिवार निवृत्तभरणको लागि अनुसूची ११ बमोजिमको फाराम भर्नुपर्ने छ । कोषले आवश्यक जाँचबुझ गरी अनुसूची १२ बमोजिमको अधिकारपत्र जारी गर्नेछ ।

(३) उपदान दावीको लागि अनुसूची १३ बमोजिमको फाराम भर्नुपर्ने छ । कोषले अनुसूची १४ बमोजिम उपदानको रकम किटान गर्नुपर्ने छ ।

(४) पारिवारिक निवृत्तभरणको अधिकार पत्र दावीको लागि अनुसूची १५ बमोजिमको फाराम भर्नुपर्नेछ । कोषले आवश्यक जाँचबुझ गरी अनुसूची १६ बमोजिमको अधिकार पत्र जारी गर्नेछ ।

२७. **निर्णय गर्ने अधिकारी :** योगदानकर्ताले माग दावी गरेको सबै सुरक्षा योजनाको सुविधा रकमको भुक्तानी गर्ने निर्णय कार्यकारी निर्देशक वा निजले अधिकार प्रत्यायोजन गरेको **अधिकृतस्तरको कर्मचारीबाट**♦ हुनेछ ।

२८. **निर्णय प्रक्रिया:** (१) दफा २६ बमोजिम कोष समक्ष पेश हुन आएका निवेदन माथि कोषले आवश्यक जाँचबुझ गर्नुपर्नेछ । यसरी जाँचबुझ गर्दा कुनै कागजात स्पष्ट नभएमा वा थप पुष्टीकरणको आवश्यकता भएमा सम्बन्धित योगदानकर्ता वा सम्बन्धित निकायसँग सम्पर्क गरी आवश्यक कागजात तथा सूचना माग गर्न सक्नेछ ।

(२) योगदानकर्ताको योगदानको सम्बन्धमा कोषले अद्यावधिक अभिलेख अध्ययन गर्ने र अभिलेख प्रष्ट नपाइएमा योगदानकर्ता वा निजको रोजगारदाताको तर्फबाट आवश्यक योगदान भइसकेको पुष्टि हुने कागजात वा योगदान रकम जम्मा गरेको प्रमाण पेश गर्न लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपरको निर्णय निर्देशकको तहबाट हुनेछ ।

तर उपदफा (१) अनुसार जाँचबुझ गर्दा थप परीक्षण गर्नुपर्ने अवस्था देखिएमा स्वास्थ्य परीक्षण समितिबाट र सो बाहेक अन्य विषयका हकमा कोषको सञ्चालक समितिबाट अन्तिम निर्णय हुनेछ ।

(४) दफा २६ बमोजिमको निवेदन कोषमा दर्ता भएको मितिले सामान्यतया एक महिनाभित्र फछ्र्यौट गरी सम्बन्धित योगदानकर्तालाई भुक्तानी गरिनेछ ।

---

♦ तेश्रो संशोधनद्वारा संशोधित

सामाजिक सुरक्षा कोष

२९. **<u>बैंङ्क खाता खोलेको हुनुपर्ने</u> :** (१) सम्बन्धित निवेदक वा निजको हकवालालाई ♣सुविधा बापतको रकम बैंक खाता मार्फत् मात्र भुक्तानी दिइनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि अस्पतालले भुक्तानी प्राप्त गर्न प्रचलित कानून बमोजिम “क” वर्गको कुनै वाणिज्य बैंक वा सो को शाखाहरुमा यस कार्यविधि वमोजिमको रकम पाउन सूचीकृत अस्पतालले बैंक खाता अनिवार्य खोलेको हुनुपर्नेछ ।

सामाजिक सुरक्षा कोष

♣ पहिलो संशोधनद्वारा थप

## परिच्छेद -७

## स्वास्थ्य परीक्षण समितिको गठन

**३०. <u>स्वास्थ्य परीक्षण समितिको गठन</u> :** (१) योगदानकर्ताको असक्षमताको प्रतिशत किटान गर्न, योगदानकर्ता काम गर्न असक्षम छ भनी घोषणा गर्न तथा कोषमा योगदानकर्ताले पेश गरेको दावी उपर शंका उत्पन्न भई यसमा थप परीक्षण गर्नु पर्ने भनी कोषको कार्यकारी प्रमुख वा निजले तोकेको व्यक्तिले जानकारी गराएमा वा यस कार्यविधिमा स्वास्थ्य परीक्षण समितिले गर्ने भनी तोकिएको काम गर्नको लागि संचालक समितिले एउटा वा प्रदेशको कार्यक्षेत्र हेर्ने गरी एकभन्दा वढी स्वास्थ्य परीक्षण समिति गठन गर्न सक्नेछ ।

२. स्वास्थ्य परीक्षण समितिमा देहाय वमोजिम अध्यक्ष र सदस्य रहने छन् :

(क) समितिले तोकेको वरिष्ठ चिकित्सक – अध्यक्ष

(ख) दफा ३१ वमोजिम तयार गरेको सूची मध्येवाट योगदानकर्ताको स्वास्थ्य समस्या अनुरुपको विषयसंग सम्बन्धित चिकित्सकहरु मध्ये समितिले तोकेको चिकित्सक एक जना - सदस्य

(ग) कोषको मेडिकल अधिकृत वा सो भन्दा माथिल्लो तहको अधिकारी - सदस्य -सचिव

३. उपदफा (१) र (२) मा जुनसुकै करा लेखिएको भएतापनि व्यवसायजन्य रोग लागेको हो वा होइन भनि निर्क्योल गर्न तथा व्यवसायजन्य रोगको कारणबाट हुने असक्षमता प्रतिशत किटान गर्दा कोषले देहाय वमोजिमको स्वास्थ्य परीक्षण विशेष समिति गठन गर्नेछ,-

(क) समितिले तोकेको वरिष्ठ स्वास्थ्य चिकित्सक – अध्यक्ष

(ख) दफा ३१ वमोजिम तयार गरेको सूची मध्येबाट समितिले तोकेको सम्बन्धित विषयको एकजना विशेषज्ञ चिकित्सक - सदस्य

(ग) कोषको मेडिकल अधिकृत - सदस्य -सचिव

४. स्वास्थ्य परीक्षण गर्नु पर्ने अवस्था उत्पन्न भएमा कार्यकारी अधिकृत वा निजले तोकेको व्यक्तिले वैठक बोलाउनु पर्नेछ ।

५. समितिको वैठकमा सहभागी भए वापत अध्यक्ष तथा सदस्यले कोषले तोके वमोजिमको वैठक भत्ता पाउनेछन् ।

६. स्वास्थ्य परीक्षण समिति वा विशेष समितिले आफु समक्ष प्रेषण भएको कुनै पनि व्यक्तिको स्वास्थ्य परीक्षण गरी सो सम्वन्धि निष्कर्ष सहित कोषमा जानकारी गराउनु पर्नेछ र सो को जानकारी सम्बन्धित योगदानकर्ता वा निजको हकवालालाई दिनु पर्नेछ ।

७. उपदफा ६ वमोजिमको निर्णयमा चित्त नवुझेमा पन्ध्र दिन भित्र कोष मार्फत स्वास्थ्य परीक्षण विशेष समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

सामाजिक सुरक्षा कोष

८. समितिले आवश्यकता अनुसार सम्वन्धित विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

३१. **चिकित्सकको सूची तयार गरिने :** (१) संचालक समितिले दफा ३० को प्रयोजनको लागि प्रदेश अनुसार तथा विषय विज्ञताको आधारमा देहायका चिकित्सकहरुको सूची वनाउने छ । यस्तो सूची भित्रवाट मात्र प्रमुख कार्यकारी अधिकृतले स्वास्थ्य परीक्षण समितिमा सदस्य मनोनयन गर्नु पर्नेछ ।

(२) संचालक समितिले सम्बन्धित चिकित्सकको सहमति लिई जनरल फिजिसियन, अर्थोपेडिक, शल्य चिकित्सक, गाइनोक्लोजिष्ट, नाक कान घाँटी सम्वन्धि, आँखा सम्वन्धि, डेन्टल सम्वन्धि तथा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विशेषज्ञ तथा आवश्यकता अनुसार थप क्षेत्रका चिकित्सकलाई समेत सूचीमा समावेश गर्नु पर्नेछ ।

३२. **स्वास्थ्य परीक्षण पुनरावेदन समितिको गठन :** (१) मन्त्रालयले तोकेको देहाय वमोजिमका व्यक्ति रहेको स्वास्थ्य परीक्षण पुनरावेदन समिति गठन हुनेछ,

क. कुनै पनि विषयमा विस वर्ष भन्दा वढी अनुभव भएको वरिष्ठ चिकित्सक - अध्यक्ष

ख. पन्ध्र वर्ष भन्दा वढी कामको अनुभव भएको अर्थोपेडिक विशेषज्ञ - सदस्य

ग. पन्ध्र वर्ष भन्दा वढी कामको अनुभव भएको फिजिसियन विशेषज्ञ -सदस्य

घ. पन्ध्र वर्ष भन्दा वढी कामको अनुभव भएको व्यवसायजन्य रोग विशेषज्ञ -सदस्य

ङ. पन्ध्र वर्ष भन्दा वढी कामको अनुभव भएको सर्जन विशेषज्ञ -सदस्य

(२) स्वास्थ्य परीक्षण पुनरावेदन समितिले स्वास्थ्य परीक्षण समिति वा स्वास्थ्य परीक्षण विशेष समितिले दिएको प्रतिवेदन उपर चित्त नवुझि पुनरावेदन गरेको विषयमा वा कोषले कुनै विषय निर्णय गर्न प्रेषण गरेमा सो विषयमा निर्णय गर्न तथा सो आधारमा हुने असक्षमताको प्रतिशत किटान गर्ने कार्य गर्नेछ ।

(३) स्वास्थ्य परीक्षण पुनरावेदन समितिले आफु समक्ष प्रेषण भएको कुनै पनि विषयलाई तीन हप्ता भित्र निर्णय गर्नुपर्नेछ । यसले गरेको निर्णय कोषको कार्यकारी निर्देशकलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(४) समितिको वैठकमा सहभागी भए वापत अध्यक्ष तथा सदस्यले कोषले तोके बमोजिमको वैठक भत्ता पाउनेछन् ।

(५) स्वास्थ्य परीक्षण सम्वन्धमा स्वास्थ्य परीक्षण पुनरावेदन समितिको निर्णय अन्तिम हुनेछ ।

सामाजिक सुरक्षा कोष

## परिच्छेद- ८

## विविध

**३३. <u>खर्च र सो को लेखाङ्कन</u> :** (१) यस कार्यविधि अन्तर्गत योगदानकर्तालाई उपलब्ध गराउने सुरक्षा योजनाको सुविधा एवं कार्यविधि कार्यान्वयनका क्रममा लाग्ने अन्य रकमको आर्थिक व्ययभार सामाजिक सुरक्षा कोषबाट व्यहोरिने गरी सञ्चालक समितिले निर्णय गर्न सक्नेछ ।

(२) यस कार्यविधि अन्तर्गत भुक्तानी भएको सुविधाको अभिलेख सम्बन्धित योगदानकर्ताको अभिलेखमा गरेको योगदान र प्राप्त गरेको सुविधाको विवरण स्पष्ट खुलाई राख्नुपर्नेछ ।

**३४. <u>योजनाको स्थगन</u>**: यस सुरक्षा योजनालाई निरन्तरता दिन नसकिने भएमा वा थप सुविधा दिन नसकिने भएमा सञ्चालक समितिले जुनसुकै बेला पनि कुनै थप सुविधा वा यो सुरक्षा योजनालाई स्थगन गर्न मन्त्रालयमा सिफारिस गर्न सक्नेछ ।

**♣३४क. <u>सुविधाको निरन्तरताको लागि योगदान गर्न पाउने</u>** : निवृत्तभरणपाउने उमेर नपुगेको कुनै श्रमिकको सेवा समाप्त भएको वा एउटा सेवा समाप्त भई अर्को सेवा शुरु नभएको अवस्थामा पनि निजले सामाजिक सुरक्षा योजनामा निरन्तरता दिन चाहेमा योगदानको सम्पुर्ण रकम स्वयंले व्यहोरी योजनामा निरन्तरता दिन सक्नेछ । यसरी योगदान गर्दा योगदानको रकम कोषले तोकेको खातामा जम्मा गर्नु पर्नेछ ।

♦तर यसरी स्वः योगदान गर्दा नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिक भन्दा कम र न्यूनतम पारिश्रमिक रकमको बढीमा तीन गुणा भन्दा बढी नहुने गरि योगदान रकम जम्मा गरेको हुनुपर्नेछ ।

**♠३५. <u>आधारभूत पारिश्रमिक किटान</u>**: (१) कोषले कुनै योगदानकर्तालाई सुविधा भुक्तानी गर्दा पछिल्लो तीन महिनाको निजको आधारभूत पारिश्रमिकको औषत लिई मासिक आधारभूत पारिश्रमिक किटान गर्नु पर्नेछ ।

(२) योगदानकर्ताको दैनिक आधारभूत पारिश्रमिक किटान गर्दा निजको मासिक आधारभूत पारिश्रमिकलाई तीसले भाग गरिनेछ र यसरी आउने रकमलाई दैनिक आधारभूत पारिश्रमिक मानिनेछ ।

(३) दफा २३क. बमोजिम निवेदन दिई अवकाश सुविधा योजनामा रकम जम्मा गर्ने योगदानकर्ताको हकमा निजले मासिक रुपमा निवृत्तभरण योजनामा जम्मा गरेको रकमको पाँच गुणा रकमलाई नै कोषबाट प्रदान गरिने सुविधाको प्रयोजनको लागि निजको आधारभूत पारिश्रमिक मानिनेछ ।

सामाजिक सुरक्षा कोष

---

♣ पहिलो संशोधनद्वारा थप गरिएको

♦ तेश्रो संशोधनद्वारा थप गरिएको

♠ दोस्रो संशोधनद्वारा संशोधित

♦(४) नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकभन्दा कम हुने गरी मासिक रुपमा कोषमा रकम जम्मा गरेमा देहाय बमोजिम हुनेछ ।

(क) न्यूनतम आधारभूत पारिश्रमिकभन्दा कम हुने गरी मासिक रुपमा योगदान गर्ने योगदानकर्ताले दफा ३ को खण्ड (क) र (ख) तथा दफा ९ अन्तर्गत प्राप्त गर्ने औषधि उपचार सुविधा निजले कोषमा गरेको योगदान रकम, कोषबाट सम्बन्धित योजना अन्तर्गत प्रदान गरिने सुविधा रकमको सीमा र वास्तविक उपचार खर्चको आधारमा समानुपातिक हिसावले गणना गरी योगदानकर्तालाई भुक्तानी गरिनेछ ।

(ख) कुनैपनि योगदानकर्ताले दफा ३ को खण्ड (ग) अन्तर्गत औषधि उपचार सुविधा प्राप्त गर्न कम्तिमा नेपाल सरकारवाट औधोगिक क्षेत्रका लागि तोकिएको न्यूनतम आधारभूत पारिश्रमिकभन्दा कम नहुनेगरी मासिक रुपमा योगदान भएको हुनु पर्नेछ ।

३६. **कार्यविधिमा संशोधन**: यस कार्यविधिमा कुनै संशोधन गर्नुपर्ने भएमा सञ्चालक समितिको सिफारिसमा मन्त्रालयले गर्न सक्नेछ ।

३७. **अन्य वीमावाट सुविधा लिन सक्ने** : यस कार्यविधिमा उल्लेखित योजनाको अतिरिक्त कसैले अन्य कुनै किसिमको वीमा गरेको रहेछ भने सो वापतको वीमा दावी गर्न यस योजनामा सहभागी भएको कुनै कुराले बाधा पर्ने छैन ।

♠३७क. **एक भन्दा बढी योजनाबाट सुविधा नदिईने:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिम सञ्चालित एक भन्दा बढी सामाजिक सुरक्षा योजनाबाट दोहोरो हुने गरी मासिक निवृत्तभरण वा अन्य सुविधा दिईने छैन ।

३८. **जगेडामा रकम राख्नु पर्ने** : ऐनको दफा ५३ बमोजिम यस कार्यविधिमा उल्लेखित योजनाहरुको लागि कम्तीमा ६ महिना बराबरको रकम जगेडामा राख्नुपर्नेछ ।

३९. **योगदान र सुविधाको दर थपघट हुन सक्ने** : ऐन को दफा ३६ बमोजिम बिमाङ्कीद्वारा पेश भएको प्रतिवेदनको आधारमा यस योजनाको लागि तोकिएको योगदानको दर र सुविधामा समितिले थप घट गर्न सक्नेछ ।

४०. **परिवारका सदस्यलाई समेत लागू गर्न सकिने** :यस योजनामा सहभागी योगदानकर्ताले यस योजना वमोजिमको सुविधामा एकाघरका सदस्यहरुलाई सहभागी गराउन चाहेमा परिवारका सदस्य संख्याको आधारमा समितिले किटान गरे वमोजिमको थप योगदान गर्नुपर्नेछ ।

४१. **व्याख्या र बाधा अडकाउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भएमा कोषको सञ्चालक समितिको सिफारिसमा मन्त्रालयले व्याख्या गर्न वा बाधा अडकाउ फुकाउन सक्नेछ ।

सामाजिक सुरक्षा कोष

---

♦ तेश्रो संशोधनद्धारा थप गरिएको

♠ दोस्रो संशोधनद्धारा संशोधित